Regd: 885/059/060

NEPAL
MEDIA SOCIETY

# आम निर्वाचन विज्ञापन बारे नेपाल मिडिया सोसाईटीको प्रेस विज्ञप्ति

देशभर चुनावको माहोल अन्तिम निश्कर्षतिर पुग्दैछ । सबै पक्षबाट निर्वाचनको वातावरण बनाउने र देशलाई राजनीतिक निकास दिन योगदान गर्नु पर्ने यो ऐतिहासिक क्षण हो । चुनावमा राजनीतिक दलहरुले आआफ्नै तरिकाले प्रचार, प्रसार गर्दछन् । मिडियाले समाचार र सूचनाका माध्यमबाट जनतालाई सत्य तथ्य बुझ्न सहयोग गर्दछ । चुनावका बेला राजनीतिक दलले पनि विज्ञापन गर्दछन् । मिडियाका लागि विज्ञापन अक्सिजन मात्र नभएर सार्वभौम अधिकार हो । तर केही दिन अघि निर्वाचन आयोगले विभिन्न सञ्चार माध्यमलाई राजनीतिक विज्ञापन प्रकाशन र प्रसारण गरेकामा आचार संहिता उल्लंघन भएको भन्दै कारबाही समेत गर्ने धम्कीको घटनाले हामीलाई गम्भीर बनाएको छ ।

देशको सार्वभौमसत्ता, राष्टिय एकता र जनताको सुसूचित हुन पाउने अधिकारलाई सर्वोपरि ठान्ने मूल प्रवाहका मिडियालाई हामी कुनै पनि पक्षबाट दखल दिने काम नहोस् भन्ने तर्फ सचेत गराउन चाहन्छौं । साथै आम सञ्चार माध्यमको विज्ञापनको कानुनले निषेध नगरेको विषयको विज्ञापन अधिकार

TBI Plaza, Nagpokhari, Kathmandu, Phone: 01-4004656, Email: mediasocietynepal@gmail.com

माथि प्रश्न नउठाइयोस् भन्नेतर्फ पनि हामी सम्वन्धित निकायलाई ध्यानाकर्षण गराउन चाहन्छौं । नेपालको शान्ति, संविधान र यस निर्वाचनमा नेपालका सञ्चारमाध्यमको सबैभन्दा बढी भूमिका रहेको र आगामी दिनमा समेत राजनीतिक स्थिरता, प्रगति र विकासका लागि हाम्रो खबरदारीको अभियान जारी रहनेछ । चुनावको सम्मुखमा कुनै पनि पक्षबाट निर्वाचन विरोधी क्रियाकलाप र मिडियालाई हतोत्साहित हुने कार्य गर्न-गराउने कार्य हाम्रालागि स्वीकार नहुने कुरा बारे सम्वन्धि सबैलाई यसै विज्ञप्ति मार्फत सचेत गराउन चाहन्छौं ।

मिति: २०७४/०८/१४

अध्यक्ष
पुष्करलाल श्रेष्ठ

महासचिव
शुभशंकर कंडेल